# विन्ध्यबासीनि हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लिमिटेडले IPO निष्काशन गर्ने

विन्ध्यबासीनि हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लिमिटेड ले यसै वर्ष भित्रमा २५लाख कित्ता साधारण शेयरको सार्वजनिक निष्काशन गर्ने तयारी गरेको छ । कम्पनीले लमजुङ्ग र कास्की जिल्लाको सीमानामा बग्ने रुदी खोलामा निर्माण गरेको ८.८ मे.वा. को रुदी खोला ए र ६.६ मे.वा. को रुदी खोला बी (जम्मा १५.४ मे.वा.) को बिद्युतको ब्यापारिक उत्पादन शुरु गरेको छ। रुदी खोला ए जलविद्युत आयोजनाले २०७५ साल चैत्र ०५ गतेबाट र रुदी खोला बी जलविद्युत आयोजनाले २०७६, फाल्गुन ०४ गते बाट ब्यापारिक उत्पादन शुरु गरेको छ। दुबै आयोजनाको औसत प्रति मेगावाट लागत १७ करोड ५० लाख रहेको छ।

कम्पनीले निष्काशन गर्नलागेको साधारण शेयर मध्ये १०लाख कित्ता शेयर आयोजनाका प्रभावित क्षेत्रका बासिन्दाहरुलाई र बाँकी १५लाख कित्ता शेयर सर्वसाधारणका लागि छुट्याएको छ। शेयरको सार्वजनिक निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्रि प्रबन्धकमा सानिमा क्यापिटल लिमिटेड र शेयर प्रत्याभुतिको लागि ग्लोबल आइएमई क्यापिटल लिमिटेड रहेका छन् । कम्पनीलाई केयर रेटिङ्गस नेपाल लिमिटेडले "CARE-NP IPO Grade 4+" (between 3& 4) ग्रेड प्रदान गरेको छ। विद्युत नियमन आयोगबाट स्वीकृति प्राप्त गरी २०७६ साल माघ ०१ गते मा कम्पनीलाई धीतोपत्र बोर्डमा दर्ता गरी स्वीकृतिको प्रकृयामा रहेको छ। बोर्डको स्वीकृति पाए लगत्तै उपरोक्त शेयरको निष्काशन तथा बाँडफाँड कार्य सम्पन्न गरिनेछ। धीतोपत्र जारी गर्नुको मुख्य उद्देश्य कम्पनीले शेयर लगानी गरेको खिम्ती २ जलविद्युत आयोजनामा थप लगानी गर्ने रहेको छ।

कम्पनीले निर्माण गरेको रुदी खोला ए र रुदी खोला बी को Gross Head क्रमश. 295.5 m र 310.85 m तथा Design Discharge क्रमशः 3.72 cumecs र 2.55 cumecs रहेको छ। रुदी खोला ए को शुरुआति एक वर्षको Average Energy Generation हेर्दा आयोजनाले Contact Energy को लगभग ८६% हुने देखिएको छ। जुन आगामि वर्षमा वृद्धि हुने देखिन्छ। आयोजनाको अहिलेकै उत्पादनले बैंकको सावाँ तथा व्याज भुक्तानी गर्न कुनै समस्या देखिँदैन। रुदी खोला ए र रुदी खोला बी जलविद्युत आयोजना Semi Cascading Project भएकोले रुदी खोला बी ज.वि.आ.को Energy Generation पनि रुदी खोला ए को Ratio नै हुने देखिन्छ।



IPO